**अनुसूची- २**

(दफा ४तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

बढैयाताल गाउँपालिका

# बढैयाताल गाँउपालिकाको राजपत्र

खण्डः क संख्याः ८ प्रमाणीकरण मितिः २०८२/०४/०१

**भाग-१**
**बढैयाताल गाउँपालिका**
**२०८२ सालको ऐन नं.३**

## बढैयाताल गाउँपालिकाको दलित सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०८२

**प्रस्तावनाः**

दलित समुदायका व्यक्तिहरु विरुद्ध सदियौंदेखि हुने गरेका जातीय छुवाछूत, भेदभाव, अपमान, हिंसा, घृणा, बहिष्करण, प्रतिबन्ध, शोषण तथा असमानताले उनिहरु राष्ट्रिय विकासमा मूलप्रवाहीकरण हुन नसक्दा समतामूलक समाज तथा समृद्ध राज्य निर्माण हुन नसकेको यथार्ततालाई हृदयङ्गम गरी मौलिक हक लगायत संविधानको विभिन्न भागमा रहेका व्यवस्थाहरुको सारभूत कार्यान्वयन गर्दै दलितहरुको समयानुकूल विकास तथा उनीहरुको चौतर्फी सशक्तिकरणसंगै समतामूलक समाज एवं समृद्ध राज्य निर्माण हुन वाञ्छनीय देखिकाले, नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी बढैयाताल गाउँपालिकाले यो ऐन बनाएको छ।

**परिच्छेद -१**
**प्रारम्भिक**

**१. संक्षिप्त नाम, प्रारम्भ र विस्तारः**

(क) यस ऐनको नाम “दलित सशक्तिकरण ऐन,२०८२” रहेको छ।

(ख) यो ऐन बढैयाताल गाउँपालिका भर तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः-

(क) "ऐन" भन्नाले “दलित सशक्तिकरण ऐन,२०८२ बुझाउने छ।

(ख) "दलित" भन्नाले राष्ट्रिय दलित आयोगले सुचीकृत गरेका जातजाती र सूचिकृत बाहेकका हकमा सम्बन्धित स्थानीय निकायको सिफारिसमा जिल्ला प्रशासन कार्यालयबाट दलित भनी प्रमाणित जातजातीलाई सम्झनुपर्छ।

(ग) "सशक्तिकरण" भन्नाले नीतिगत रुपमा दलित समुदायका व्यक्तिहरुको नागरिक, राजनैतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरुको चौतर्फी विकासका लागि चालिने कदमलाई जनाउनेछ।

(घ) "जातीय भेदभाव तथा छुवाछूत" भन्नाले जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव (कसुर र सजाय) ऐन, २०६८ ले कसूर भनि परिभाषित कार्यहरुलाई सम्झनुपर्छ।

(ङ) "आयोग" भन्नाले राष्ट्रिय दलित आयोगलाई जनाउनेछ। यो शब्दले राष्ट्रिय मानव अधिकार आयोग तथा राष्ट्रिय महिला आयोग समेतलाई बुझाउनेछ।

(च) "स्थानीय तह" भन्नाले बढैयाताल गाउँपालिकालाई जनाउनेछ।

(छ) "दलित सशक्तिकरण समिति" भन्नाले दफा बमोजिम गठन हुने समिति सम्झनु पर्छ।

(ज) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ।

## परिच्छेद-२

## दलितको सशक्तिकरण गर्नुपर्ने क्षेत्र पहिचान र कार्यान्वयन सम्बन्धी व्यवस्था

**३.** संविधानको मौलिक हक तथा अन्य भागमा दलित समुदायको विकासका निम्ति प्रत्याभूत गरिएका विभिन्न औपचारिक व्यवस्थाहरुको सारभूत कार्यान्वय गर्न सामाजिक अभ्यास तथा व्यवहार प्रमाणको अध्ययनको आधारमा यस समुदायको सशक्तिकरण गर्नुपर्ने क्षेत्रहरु पहिचान गर्दै सोका लागि नीतिगत व्यवस्था गरी कार्यान्वयन गरिनेछ।

**४. दलितको सशक्तिकरण गर्नुपर्ने क्षेत्रहरुः** दफा ३ बमोजिम दलित समुदायको लागि गरिनुपर्ने सशक्तिकरणको सारभूत क्षेत्रहरु देहाय बमोजिम पहिचान गरिएको छ। यहाँ पहिचान गरिएका क्षेत्रहरुको लागि आवश्यक पर्ने नीति तथा योजना तर्जुमा गरी व्यवस्थापन गर्ने काम दफा ५ बमोजिमको दलित सशक्तकरण समितिलाई रहनेछ सिमितले तर्जुमा गरेका नीति तथा योजना सम्बन्धी कार्यक्रममा उरचित वजेट विनियोजग गरि कार्यान्वयन गर्ने दायित्व बढैयाताल गाउँपालिकाको हुनेछ ।

**(१) समानता तथा अविभेद प्रवर्धनको क्षेत्रः**

**(क)** संविधान तथा अन्य प्रचलित कानूनले अख्तियार गरेको जातीय, क्षेत्रिय, लैगिक तथा पेशागत सबै खाले विभेद अन्त्यको नीति कार्यान्वयन गरी समतामूलक समाज निर्माण गरिनेछ।

**(ख)** दलित समुदायका व्यक्तिहरु विरुद्ध हुँदै आएको छुवाछूत तथा जातीय विभेद अन्त्यको लागि सामाजिक अभियन्ता, विभिन्न धर्मका माथवर व्यक्ति, राजनीतिक एवं सरकारी प्रतिनिधिहरू समेतको संलग्नतामा छलफल, अन्तरक्रिया, गोष्टी तथा सेमिनारहरु मार्फत छुवाछूत तथा जातीय विभेदको समूल अन्त्य नहुँदासम्म सशक्त सामाजिक जागरण अभियानहरु प्रत्येक गाउँ तथा टोलहरुमा नियमित रूपमा सञ्चालन गरिनेछ।

**(ग)** कहीं कतै छुवाछूत तथा जातीय विभेद भएको पाइएमा शून्य सहनशीलताको सिद्धान्त बमोजिम कुनै पनि बहानामा ढिला सुस्ती नगरी प्रचलित कानून बमोजिम कानूनी कारबाहीका लागि सम्बन्धित निकायमा तत्काल पठाइने व्यवस्था प्रबन्ध गरिनेछ।

**(घ)** दलित समुदायका व्यक्तिहरुको जन्म, मृत्यू, विवाह दर्ता, नाताप्रमाणित, दलित जाती प्रमाणीकरण तथा नागरिकता प्रमाण पत्र प्राप्ती जस्ता व्यक्तिगत विवरणसंग सम्बन्धित सेवा प्रदानमा कुनै ढिलाई गरिने छैन। साथै यसरी प्रदान गरिने सेवामा अविभेदको नीति लिइनेछ।

**(ङ)** अन्तरजातीय विवाहका कारण दलित समुदायका युवा युवतीले भोग्दै आउनु परेको असमानता, विभेद, यातना लगायत बनावटी कानूनी झण्झटलाई दृष्टिगत गरी यससंग सम्बन्धित विशेष संरक्षणको नीति तथा कार्यक्रम तय गरी तत्काल लागू गरिनेछ। साथै अन्तरजातीय विवाहलाई प्रोत्साहन गर्ने खालका कार्यक्रम जस्तै विवाह दर्ता, सम्मान कार्यक्रम आदि सञ्चालन गरिनेछ।

**(२) छुवाछूत तथा जातीय विभेद पीडित तथा साक्षीहरूको संरक्षण र पुनर्स्थापनाको क्षेत्रः**

**(क)** छुवाछूत तथा जातीय भेदभावका पीडित तथा साक्षीहरु छुवाछूतको घटनापश्चात झन् पीडित हुँदै आएका देखिंदा उनिहरुलाई दोहोरो पीडा भोग्नबाट संरक्षित गर्न विशेष सुरक्षा नीति अवलम्बन गरिनेछ।

**(ख)** छुवाछूत तथा जातीय भेदभावका पीडित तथा यसका साक्षीहरुलाई मनोसामाजिक परामर्श, भरणपोषण, आवास, स्वास्थ्योपचार तथा शैक्षिक सुविधा सहित सामाजिक पुनर्स्थापना गरिनेछ।

**(३) रोजगारीको क्षेत्र :**

(क) दलित समुदायका व्यक्तिहरुलाई गाउँपालिका मातहतका सबै तह, अङ्ग तथा निकायमा हुने सार्वजनिक सेवाका प्राविधिक तथा अप्राविधिक सबै खाले रोजगारीका अवसरहरुमा आरक्षण सहित बिना भेदभाव समानुपातिक समावेशी सिद्धान्त बमोजिम समान सहभागिता सुनिश्चत गरिनेछ।

(ख) दलित समुदायका व्यक्तिहरुलाई गाउँपालिकाभित्र स्थापना भएका सामाजिक संघ, संस्था तथा व्यापारीक प्राइभेट कम्पनी एवं प्रतिष्ठानहरुका रोजगारीमा पहिलो प्राथमिकता सहित समानुपातिक समावेशी सिद्धान्त बमोजिम समान सहभागिताको सुनिश्चत गरिनेछ।

(ग) दलित समुदायले अपनाउँदै आएका परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकासका लागि तिनको व्यवसायिकरण, औद्योगिकरण तथा आधुनिकीकरणका लागि विशेष योजना तथा कार्यक्रम तर्जुमा गरी स्रोत साधनको उचित वितरणको प्रबन्ध तथा व्यवस्थापन गरिनेछ।

(घ) दलित समुदायले सञ्चलान गर्दै आएका परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिसंग सम्बन्धित पेशा व्यवसायमा आबद्ध उद्यमी तथा व्यवसायीहरुका लागि सहुलियत दरमा ऋण दिने तथा अनुदान समेत उपलव्ध गराइनेछ।

(ङ) दलित समुदायबाट संचालित पेशा,व्यवसाय,उद्योग तथा कल कारखानाको सञ्चालनका लागि आवश्यक पर्ने मेसिन, पाटपूर्जा तथा कच्चा पदार्थको आयात तथा उत्पादित सामाग्री निर्यातका लागि लाग्ने सरकारी दस्तुरमा छुट दिइनेछ।

(च) दलित समुदायबाट संचालित पेशा, व्यवसाय, उद्योग तथा कल कारखानाबाट उत्पादित सामाग्रीहरुको बिक्री वितरणका लागि उचित बजारको व्यवस्थापन गरिनेछ।

(छ) एक घर एक दलित महिला उद्यमी हुने सुनिश्चितताको लागि विभिन्न खाले पेशा तथा व्यवसाय सञ्चालन सक्ने गरी दक्ष जनशक्ति बनाउन उचित सीपमूलक तालिमहरु सञ्चालन गरी उनिहरुलाई बिना धितो सहुलियत दरमा ऋण उपलब्ध गराउने तथा अनुदान समेत उपलब्ध गराइनेछ।

(ज) माथी उल्लेखित सेवा तथा अवसरहरुमा सहभागिताको प्रत्याभूति गर्दा दलितभित्रको दलित महिला, मधेशी दलित, वादी समुदाय तथा अपांगता भएका दलितलाई पहिलो प्राथमिकतामा राखी न्यायोचित बितरण गरिनेछ।

**(४) शिक्षा क्षेत्र :**

**(क)** गाउँपालिकाभित्र सञ्चालित सबै शैक्षिक संस्थाका पाठ्यक्रम तथा पाठ्यसामाग्रीहरूमा जातीय, क्षेत्रिय एवं लैंगिक सबै खाले असमानता, विभेद तथा हिंसा अन्त्यका विषयबस्तुहरु समावेश गरी पठन पाठन गराइनेछ।

**(ख)** आधारभूत तहको भर्नामा विध्यार्थी तथा अभिभावकलाई आकर्षित गर्न विशेष प्याकेजको व्यवस्था गरी लागू गरिनेछ।

**(ग)** दलित समुदायका विद्यार्थीहरुलाई गाउँपालिकाभित्र सञ्चालित आधारभूत तहदेखि उच्च तहको प्राविधिक र अप्राविधिक दुबै खाले शिक्षण संस्थामा छात्रवृत्ति सहित नि:शुल्क शिक्षा दिइने व्यवस्था गरिने छ।

**(घ)** गाउँपालिकाभित्र सञ्चालनमा रहेका हरेक विद्यालयका प्राथमिक तहमा अनिवार्य दलित शिक्षक भर्ना गरी एक विद्यालय एक दलित शिक्षक नियुक्तिको नीति लिइनेछ ।

**(ङ)** दलित समुदायका विद्यार्थीहरुले बीचैमा विध्यालय छोड्नुपर्ने (ड्रपआउट) अवस्थाको कारण पत्ता लगाई यसको अन्त्यका लागि सतर्कतासाथ योजना तथा कार्यक्रमहरु तय गरी लागू गरिनेछ ।

**(च)** लोक सेवा तोयारी कक्षा संचालनमा दलित समुदायका विद्यार्थीहरुलाई प्राथमिकता दिने ।

**(छ)** संस्थागत विद्यालयहरुमा विपन्न दलित छात्रवृत्तिको अनिवार्य व्यवस्था गर्ने ।

**(ज)** विद्यालयमा जातीय विभेद तथा छुवाछुत विरुद्ध सचेतना फैलाउने ।

**(झ)** खण्ड (ग) र (घ) बमोजिम विद्यर्थी भर्ना गर्दा दलितभित्रको दलित महिला,मधेशी दलित, वादी समुदाय, अपांगता भएका दलितलाई पहिलो प्राथमिकतामा राखी भर्ना गरी अवसरको न्यायोचित वितरण गरिनेछ ।

**(५) स्वास्थ्य उपचार तथा सेवाको क्षेत्र :**

(**क**) दलित समुदायका व्यक्तिहरुलाई विभेद रहित वातावरणमा निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रदान गरिने छ ।

(**ख**) दलित समुदायको व्यक्तिलाई कडा, जटिल, दीर्घ खालको तथा गम्भीर प्रकृतिको रोग लागेमा सोको उपचारका लागि पूर्ण छुट दिने मापदण्ड बनाई लागू गरिनेछ ।

(**ग**) दलित महिलाहरुको प्रसुती तथा प्रजनन् स्वास्थ्यसंग सम्बन्धित सबै खाले रोगको निःशुल्क उपचार गरिनेछ । साथै दलित समुदायका गर्भवती, सुत्केरी तथा बालबालिकाहरुका लागि पोषण प्रवर्द्धन सम्बन्धी सेवा स्थानीय सरकारले मापदण्ड बनाई लागू गर्नेछ ।

(**घ**) हरेक दलित बस्तिमा कम्तिमा १ जना अनिवार्य हुने गरी तालिम प्राप्त दलित महिला सुडेनीको व्यवस्थापन गरी परिचालन गरिनेछ।

(**ङ**) डाक्टर, नर्स, एचए, एएनएम, महिला स्वास्थ्य स्वयंसेविका लगायतका सबै खाले स्वास्थ्य सेवा सम्बन्धी जनशक्तिको उत्पादनका गर्न दलित समुदायलाई विशेष प्राथमिकता दिइनेछ ।

(**च**) स्वास्थ्य संस्थाहरुमा महिला स्वास्थ्य स्वयंसेविका नियुक्त गर्दा दलित महिला स्वास्थ्य स्वयं सेविकालाई प्राथमिकता दिई भर्ना गरी परिचालन गरिनेछ ।

(**छ**) हरेका विद्यालयमा हुने विद्यालय नर्सको नियुक्तिमा दलित महिला नर्सलाई पहिलो प्राथमिकतामा राखी नियुक्ति गरिनेछ ।

**(६) राजनीतिक प्रतिनिधित्व सुनिश्चतताको क्षेत्र :**

(क) राजनीतिक दलहरुमा गाउँ–टोल इकाईदेखि प्रदेश तहसम्म पूर्ण समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागिता सुनिश्चत गरिनेछ ।

**(ख)** स्थानीय तहका विभिन्न समितिहरुमा दलित समुदायको पूर्ण समानुपातिक समावेशी सिद्धान्तको आधारमा प्रतिनिधित्व हुने सुनिश्चतता गरिनेछ ।

**(ग)** खण्ड (क) र (ख) बमोजिम गराइने प्रतिनिधित्वमा दलितभित्रका दलित महिला,वादी समुदाय, मधेशी दलित तथा अपांगत भएका दलितलाई पहिलो प्राथमिकतामा राखि न्यायोचित वितरण गरिनेछ ।

**(७) सामाजिक सुरक्षाको क्षेत्रः**

प्रदेशभित्र रहेका दलित समुदायका परित्यक्त, महिला, ज्येष्ठ नागरिक, बालबालिका, अपांगता भएका व्यक्तिहरूको सामाजिक सुरक्षाका लागि तथ्यमा आधारित नीतिहरु अवलम्बन गरी कार्यान्वयन गरिनेछ ।

## परिच्छेद-३
## संरचना निर्माण तथा कार्यान्वयन सम्बन्धी व्यवस्था

**५. दलित सशक्तिकरण समितिको गठन, सेवा सुविधा तथा बैठकः-**(१) दलित समुदायको समग्र सशक्तिकरणका लागि देहाय बमोजिमको एक दलित सशक्तिकरण समिति रहनेछः-

(क) पालिका अध्यक्ष - अध्यक्ष
(ख) पालिका उपाध्यक्ष - सदस्य
(ग) दलित वडा सदस्यहरू मध्येवाट कार्यपालिकाले मनोनित गरेका १ जना - सदस्य
(घ) दलित अधिकारको क्षेत्रमा कम्तिमा ३ बर्षदेखि कार्य गर्दै आएका दलित समुदायका व्यक्ति मध्येबाट स्थानीय सरकारले मनोनित गरेका कम्तिमा १ जना महिला र पुरुष सहित २ जना - सदस्य
(ङ) स्थानीय तहमा रहेका प्रहरी कार्यालयको सबै भन्दा माथिल्लो प्रहरी कार्यालयको प्रमुख - सदस्य
(च) सम्बन्धित स्थानीय तहको सामाजिक शाखा प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) खण्ड (ख) बमोजिम नियुक्त हुने सदस्यहरुको सेवा सुविधा तोकिए बमोजिम हुनेछ।

(३) समितिको बैठक हरेक महिना बस्नेछ।

(४) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ।

(५) बैठकको सूचना अध्यक्ष सहमती तथा अनुमतीमा एजेण्डा बनाई बैठक हुनु भन्दा कम्तीमा २४ घण्टा अगाडी सदस्य सचिवले गर्नेछ।

(६) बैठकमा उपस्थित भई एजेण्डामा छलफल गर्नु सबै सदस्यको दायित्व हुनेछ।

(७) बैठकमा मत विभाजन भएमा बहुमतको राय सदर हुनेछ। मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन पाउनेछ।

(८) समितिको कार्यालय सम्बन्धित पालिकामा रहनेछ।

(९) समितिको बैठकका निर्णय सुरक्षित राख्ने दायित्व सदस्य सचिवको हुनेछ।

(१०) यस दफामा लेखिएदेखि बाहेक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ।

**६. दलित सशक्तिकरण समितिको काम, कर्तव्य र अधिकारः** (१) दफा ७ बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) परिच्छेद २ बमोजिम पहिचान भएका तथा दलित सशक्तिकरण समितिले नीति तथा योजना तर्जुमा गरी स्थानीय सरकारसमक्ष पेश गर्ने ।
(ख) दलित सशक्तिकरण समितिले तर्जुमा गरेका नीति तथा योजना कार्यान्वयनका लागि आवश्यक पर्ने बजेट बिनियोजन गर्ने तथा सोको लागि स्थानीय सरकार समक्ष माग गर्ने।
(ग) वडास्तरमा दलित सशक्तिकरण समिति गठन गरि जातीय विभेद तथा छुवाछुत विरुद्ध अभियान संचालन गर्ने।
(घ) गाउँपालिकाभित्र वसोवास गर्ने दलित समुदायको समग्र अवस्थाको तथ्याङ्क संकलन तथा वार्षिक रुपमा अद्यावधिक गर्ने।
(ङ) आफ्नो तहभित्र रहेको छुवाछूत तथा जातीय विभेद लगायत आर्थिक, सामाजिक, साँस्कृतिक तथा नागरिक एवं राजनीतिक अधिकार प्राप्तीमा दलित समुदायका व्यक्तिहरुले भोग्नु परेका समस्याहरुको अध्ययन अनुसन्धान मार्फत परिवेश विश्लेषण गरी गराई सो बमोजिम नीति तथा योजना तर्जुमा गर्न गराउन स्थानीय सरकारलाई सल्लाह सुझाब दिने तथा अनुरोध गर्ने।
(च) छुवाछूत तथा जातीय विभेद अन्त्यकालागी सचेतना मूलक कायर्त्रम संचालन गर्ने।
(छ) यस ऐन अनुसार भए गरेका कामको वार्षिक प्रतिवेदन वनाई पेश गर्ने।

## परिच्छद-४

**दलित सशक्तिकरण कोष व्यवस्थापन, लेखा परीक्षण तथा खर्च सम्बन्धी व्यवस्था**

**७. कोषः** (१) दलित सशक्तिकरणका लागि दलित सशक्तिकरण समिति मातहत रहने गरी एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिम कोषमा देहाय बमोजिमका रकम रहने छन् ।

(क) स्थानीय सरकारबाट प्राप्त रकम,

(ख) नेपाल सरकारबाट प्राप्त रकम वा अनुदान,

(ग) स्वदेशी संघ संस्था वा व्यक्तिबाट प्राप्त सहयोग वा अनुदान,

(घ) कुनै विदेशी सरकार, अन्तरराष्ट्रिय संघ संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ङ) कुनै अन्य स्रोतबाट प्राप्त रकम

(३) उपदफा २ को खण्ड (घ) बमोजिमको रकम प्राप्त गर्नुअघि समितिले प्रदेश सरकारको सिफारिशमा नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(४) कोषको रकम समितिले तोकेको बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(५) समितिको कोष र खाताको संचालन तोकिएबमोजिम हुनेछ ।

(६) समितिको सबै खर्च उपदफा १ बमोजिमको कोषबाट व्यहोरिनेछ ।

**८. लेखा तथा लेखापरीक्षणः** (१) समितिको आय व्ययको लेखा तथा लेखापरीक्षण स्थानीय सरकारले अपनाए बमोजिम राखिनेछ ।

(२) समितिको लेखाको लेखापरीक्षण प्रदेशको मुख्य लेखा परीक्षकबाट हुनेछ ।

**९.** माथी जुनसुकै कुरा उल्लेख भएको भए पनि कोषमा जम्मा हुन आउने स्रोतमध्ये बढी भन्दा बढी हिस्सा स्थानीय कार्यान्वयन समितिले खर्च गर्नु पर्नेछ ।

## परिच्छेद -५
## विविध

**१०. नियम बनाउन सक्नेः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न स्थानीय सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।

**११. निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने :**यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको कार्यान्वयनका लागि स्थानीय सरकारले आवश्यक निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ ।

**१२. यस ऐन बमोजिम हुनेः** यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानूनबमोजिम हुनेछ ।

**हिमालय त्रिपाठी**
**अध्यक्ष**